समर 2020

# Stepping Stones

NURSING & MEDICATION ADMINISTRATION

PEAL CENTER
प्यारेन्ट एजुकेशन एण्ड एड्भोकेसी लिडरशिप सेन्टर
शिक्षा तथा स्वास्थ्य सेवामा समावेशीकरण तथा पहुँचलाई प्रवर्द्धन गर्दै | PA भरिमा परिवार तथा युवा वयस्कहरूलाई सशक्त पार्दै

## नर्सिङ तथा औषधि प्रशासन

### स्कुल नर्सहरू



दर्तावाल स्कुल नर्सहरूले विभिन्न प्रकारका आवश्यकताहरूको ख्याल राख्नुहुन्छ। स्कुल नर्स मेडिकल रेकर्डहरू तयार गरेर राख्न, सङ्क्रामक रोगहरूका बारेमा रिपोर्ट गर्न र स्वास्थ्य स्क्रिनिङ तथा प्रशिक्षण उपलब्ध गराउनका लागि जिम्मेवार हुनुहुन्छ। हरेक डिस्ट्रिक्टले प्रत्येक 1,500 जना विद्यार्थीहरूका लागि 1 जना नर्स राख्न आवश्यक हुन्छ। यद्यपि, उनीहरूका जिम्मेवारीहरू डिस्ट्रिक्टहरू अनुसार फरक-फरक हुन्छन्। नर्सहरू स्कुलहरू बीचमा आउनुजानुपर्ने हुन सक्छ र प्रतिस्थापन नर्सहरू उपलब्ध नहुन सक्नुहुन्छ। यदि तपाईंको बच्चाले स्कुल नर्सबाट निरन्तर नर्सिङ सेवाहरू प्राप्त गर्छन्/गर्छिन् भने नियमित रूपमा सञ्चार गरिरहन जरुरी हुन्छ।

स्कुल नर्स विशेष स्वास्थ्य सेवा आवश्यकताहरू भएका बच्चाहरूका स्वास्थ्य सेवा आवश्यकताहरू, विशेषज्ञ स्याहार उपलब्ध गराउन, औषधिहरू दिन र व्यक्तिगत स्वास्थ्य सेवा योजनाहरू कार्यान्वयन गर्नका लागि जिम्मेवार हुनुहुन्छ। स्कुल नर्सले आज्मा अठ्याक (दम रोग) वा सिजर (कम्पन) जस्ता विशिष्ट स्थितिहरूलाई सम्बोधन गर्न, समय तोकिएका प्रोसिजरहरूलाई पूरा गर्न र औषधिहरू दिन आवश्यक पर्न सक्छ।

स्कुल नर्सहरू 504, IEP र विद्यार्थी सहयोग कार्यक्रम (SAP) टोलीहरूमा सहभागी हुनुहुन्छ। उहाँहरूले नर्सिङभन्दा "बाहिरका" चिकित्सकीय रूपमा आवश्यक सेवाहरूका प्रदायकहरूसँग समन्वय पनि गर्नुहुन्छ।

यदि बच्चालाई स्कुल लागेको दिनमा औषधि दिन आवश्यक पर्छ भने परिवारहरू डिस्ट्रिक्टको औषधि प्रशासन नियमहरूसँग परिचित हुनुपर्छ। आफ्नो बच्चाका आवश्यकताहरूसँग सम्बन्धित कुनै पनि प्रश्नहरूका बारेमा नर्स वा प्रिन्सिपललाई सोध्नुहोस्। यदि उहाँहरूले नियम वा नीतिहरूले तपाईंको बच्चालाई औषधिहरू प्राप्त गर्नबाट रोक्छ भनेर जानकारी गराउनुहुन्छ भने उहाँहरूलाई सो भएको कागजपत्र साझा गर्न अनुरोध गर्नुहोस्।

**स्कुल नर्सहरूको सम्बन्धमा मनन गर्नका निम्ति परिवारहरूले ध्यान दिनुपर्ने कुराहरू:**

1. तपाईंको बच्चासम्म पुग्नका लागि नर्सको प्रतिकार्य समय कति छ?
2. के अतिरिक्त क्रियाकलापहरूको दौरान नर्स स्कुलमै हुनुहुन्छ?
3. स्कुलमा आउजाउ गर्दाको यातायातको दौरान आपात्कालीन प्रक्रिया र प्रतिकार्य समय के रहेको छ?
4. लकडाउन र ड्रिलहरूको दौरान तपाईंको बच्चाले आवश्यक पर्ने सहायता कसरी प्राप्त गर्छन्?
5. ब्याक-अप (अतिरिक्त) योजना के छ?

**!**

**यदि तपाईं अपाङ्गता वा विशेष स्वास्थ्य सेवा आवश्यकताहरू भएको बच्चाको अभिभावक वा स्याहारकर्ता हुनुहुन्छ भने PEAL सेन्टरसँग व्यक्तिगत स्वास्थ्य सेवा योजना, स्वास्थ्य समस्या तथा शैक्षणिक विकल्पहरू, ट्रुएन्सी (अनुमतिबिना अनुपस्थित रहने) तथा हाजिरी जस्ता शीर्षकहरूमा तपाईंका लागि उपयोगी हुन सक्ने अन्य स्टेपिङ स्टोन्स (Stepping Stones) मामिलाहरू रहेका छन्।**

## स्कुलमा एजेन्सी नर्सिङ सेवाहरू



केही विद्यार्थीहरूलाई स्कुलमा रजिस्टर्ड नर्स, लाइसेन्सप्राप्त प्राक्टिकल नर्स वा नर्सको सहयोगीबाट व्यक्तिकृत सेवाहरू आवश्यक पर्छ। गृह स्वास्थ्य सेवा एजेन्सीद्वारा उपलब्ध गराइने यी नर्सिङ सेवाहरूका लागि मेडिकल बीमाद्वारा अनिवार्य रूपमा स्वीकृति दिएको हुनुपर्छ।

एजेन्सी नर्सिङ प्रदायकहरूका जिम्मेवारीहरू फरक-फरक हुन्छन् र चिकित्सकका निर्देशनहरूमा आधारित हुन्छन् र एजेन्सीको स्याहार योजना अनुसार हुन्छन्।

चिकित्सकका निर्देशनहरूका आधारमा एजेन्सी नर्सिङ कर्मचारीले निम्न उपलब्ध गराउन सक्छन्:

- डोर-ट-डोर स्याहार (अर्थात्, विद्यार्थीसँगै स्कुलमा जाने र स्कुलबाट घर आउने)
- स्कुल लागेको दिनको दौरान अल्पकालीन वा पूर्णकालीन स्याहार
- अतिरिक्त क्रियाकलाप र/वा स्थलगत भ्रमणहरूमा सहायता

**एजेन्सी नर्सिङ कर्मचारीहरूले स्कुल कर्मचारीहरू, विशेषगरी दर्तावाल स्कुल नर्स र विद्यार्थीको शिक्षक(हरू) सँगको सहकार्यमा काम गर्छन्।**

स्कुलहरूले विवादहरूलाई सम्बोधन गर्न र समस्याहरूलाई समाधान गर्नका लागि परिवार, एजेन्सी नर्सिङ कर्मचारी तथा स्कुल कर्मचारीहरूसँगको बैठक आयोजना गर्न सक्छन्। दोहोरो सञ्चार र विद्यार्थीका आवश्यकताहरू पूरा गर्नमा केन्द्रित रहने कुराहरू प्राथमिकतामा रहनुपर्छ।

प्रतिस्थापन गरिएकाहरूको उपलब्धता तथा सीपहरू सरोकारको कुरा हुन सक्छ र योजनाको हिस्सा हुनुपर्छ।

यदि स्कुलहरूले बाह्य प्रदायकलाई स्वीकार गर्दैनन्, निश्चित एजेन्सीसँग करार गर्छन् वा कुनै पनि प्रदायक उपलब्ध छैन भने चिकित्सकीय रूपमा आवश्यक पर्ने विद्यार्थीका लागि नर्सिङ सुविधा उपलब्ध गराउने उत्तरदायित्व स्कुलहरूको हुन्छ। बाह्य प्रदायक प्रयोग गरिए पनि वा नगरिए पनि यी आवश्यकताहरूलाई 504 वा IEP मा सम्बोधन गरिनुपर्छ।

### स्रोतसाधनहरू

**IDEIA र सेक्सन 504 टोलीहरू - आवश्यक टोली सदस्यको रूपमा स्कुल नर्स *(पदसम्बन्धी विवरण)*।** नेसनल एसोसिएसन अफ स्कुल्स नर्सेस्
https://bit.ly/3e5NKrD

**विशेष शिक्षा प्रक्रियामा स्कुल नर्सको भूमिका।** स्कुल नर्सिङ 101
https://bit.ly/2ZA1oya

**सार्वजनिक स्कुल वातावरणमा अपाङ्गता भएका विद्यार्थीहरूका लागि स्कुल नर्स र नर्सिङ सेवाहरू।** स्याकन्ड्रयूज ल (पेन्सलभेनिया)
https://bit.ly/3gwOWpV

**स्कुलहरूमा निजी ड्युटी नर्स आवश्यक पर्ने विद्यार्थीहरूको व्यवस्थापनका लागि नमुना नीति।**
मेरिल्याण्ड स्टेट डिपार्टमेन्ट अफ एजुकेशन
https://bit.ly/2YYFUMn

**विशेष स्वास्थ्य सेवा आवश्यकताहरू भएका विद्यार्थीहरूका लागि *1:1* नर्सिङ सेवाहरू** विस्कन्सिन डिपार्टमेन्ट अफ पब्लिक इन्सट्रक्सन
https://bit.ly/38vRfqn

**चिकित्सकीय हिसाबले कमजोर बच्चा। स्कुल वातावरणमा विशेष स्वास्थ्य सेवा आवश्यकताहरू भएका बच्चाहरूका लागि स्याहार।**
अमेरिकन फेडेरेसन अफ टिचर्स (AFT)
https://bit.ly/30antVC



PA फ्यामिली टु फ्यामिली हेल्थ इन्फर्मेसन सेन्टर भनेको प्यारेन्ट एजुकेशन एण्ड एड्भोकेसी लिडरशिप (PEAL) सेन्टरको कार्यक्रम हो जसका लागि आर्थिक सहयोग हेल्थ रिसोर्सेज सर्भिसेज एड्मिनिस्ट्रेसन मेटर्नल एण्ड चाइल्ड हेल्थ ब्युरोद्वारा अनुदान H84MC26214 अन्तर्गत प्रदान गरिएको छ।

PEAL CENTER

थप जानकारीका लागि PEAL सेन्टरलाई सम्पर्क गर्नुहोस्।
वेबसाइट: www.pealcenter.org • इमेल: info@pealcenter.org • टोल-फ्रि: 866-950-1040
@PEALCenter @PEALyouth